का.जि.प्र.का.द.नं. १००/०५९/६०


१८ जेठ २०८१,
शुक्रबार
31 May 2024,
Friday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक






## देउवातिर माधव, ओलीतिर झलनाथ

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १७ जेठ ।

नेकपा एकीकृत समाजवादीमा दुई धार देखा परेको छ । वैकल्पिक सरकार गठनको कसरतमा रहेका कांग्रेस सभापति शेरबहादुर देउवा एकीकृत समाजवादीका अध्यक्ष माधव नेपालसँग निरन्तर संवादमा छन् । यही बेला अर्का नेता झलनाथ खनाल वाम ध्रुविकरणको एजेण्डा लिएर एमाले अध्यक्ष केपी शर्मा ओली र प्रधानमन्त्री पुष्पकमल दाहाल भेटिरहेका छन् ।

बिहीबार बिहानै एकीकृत समाजवादीका सम्मानित नेता झलनाथ खनाल र प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डबिच भेटवार्ता भयो । प्रधानमन्त्री प्रचण्ड र नेता खनालबिच प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा भेटवार्ता भएको हो ।

> वैकल्पिक सरकार गठनको कसरतमा रहेका कांग्रेस सभापति शेरबहादुर देउवा एकीकृत समाजवादीका अध्यक्ष माधव नेपालसँग निरन्तर संवादमा छन् । यही बेला अर्का नेता झलनाथ खनाल वाम ध्रुवीकरणको एजेण्डा लिएर एमाले अध्यक्ष केपी शर्मा ओली र प्रधानमन्त्री पुष्पकमल दाहाल भेटिरहेका छन् ।

यसअघि बुधबार एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल र सांसद मेटमणि चौधरी कांग्रेस सभापति शेरबहादुर देउवालाई भेट्न उनको निजी निवास बूढानीलकण्ठ पुगेका थिए । बूढानीलकण्ठमा सभापति देउवा, अध्यक्ष नेपाल, जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव र लोसपा अध्यक्ष महन्थ ठाकुरबिच भेटवार्ता भएको थियो ।

उक्त भेटवार्तामा जसपाका सरोज यादव नेतृत्वको मधेस प्रदेश सरकार जोगाउने, सुदूरपश्चिम सरकारमा कांग्रेस सहभागी हुने र गण्डकीमा सुरेन्द्रराज पाण्डे नेतृत्वको सरकारलाई विश्वासको मत पुऱ्याउनेलगायतका विषयमा छलफल भएको थियो ।

माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड नेतृत्वको केन्द्र सरकारमा सहभागी एकीकृत समाजवादीभित्र सरकार छाड्ने कि नछाड्ने भन्नेमा मतभेद छ । खासगरी सरकार सञ्चालनका विषयमा प्रचण्ड र एमाले अध्यक्ष ओलीले आफूसँग कुनै छलफल नगर्ने गरेको गुनासो अध्यक्ष नेपालले गर्दै आएका छन् ।

तर, प्रधानमन्त्री प्रचण्ड आफू नेतृत्वको सरकारमा रहेको एकीकृत समाजवादी पृष्ठ २ मा

## मधेश सरकारको नेतृत्वमा जनमत

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १७ जेठ ।

मधेश प्रदेश सरकार जनमत पार्टीको नेतृत्वमा गठन गर्ने तीन दलबीच सहमति भएको छ । बिहीबार काठमाडौंमा बसेको बैठकमा नेकपा एमाले, जनमत, माओवादी केन्द्रबीच यस्तो सहमति भएको हो ।



> गत चुनावमा पहिलो पटक संसदीय निर्वाचनमा भाग लिएको जनमत पार्टी करिब १८ महिनापछि मधेश प्रदेश सरकारको नेतृत्वमा पुग्दैछ ।

जनमतका अध्यक्ष डा. सीके राउतको उपस्थितिमा बैठक बसेको थियो । मन्त्रालय बाँडफाँट आपसी सहमतिमा गर्ने निर्णय भएको छ । उनीहरुबीच भएको लिखित सहमतिमा तीन दलका नेताहरुले हस्ताक्षर गरेका छन् ।

जनमत पार्टी ४ मंसिर २०७९ मा सम्पन्न संसदीय निर्वाचनमा पहिलो पटक भाग लिएको पार्टी हो । यो पार्टी संसदीय चुनाव लडेको करिब १८ महिनापछि मधेश प्रदेश सरकारको नेतृत्वमा पुग्दैछ । यसलाई कतिपयले मधेशको बदलिँदो शक्तिको परीक्षणका रुपमा हेरेका छन् ।

राजनीतिक विश्लेषक विष्णु दाहाल अन्य राजनीतिक दल र जनमत पार्टीको सैद्धान्तिक धरातल फरक भएको बताउँछन् । जनमत पार्टीले समाजवादी लोकतन्त्र भन्दै आएको छ । अन्य पार्टीहरुले लोकतान्त्रिक समाजवाद वा साम्यवादको कुरा गरिरहेका छन् । यस्तो सैद्धान्तिक फरकपनले जनमत पार्टीलाई फरक देखाएको बताउँछन् ।

उनी भन्छन्, 'शिक्षा, स्वास्थ्य लगायतका क्षेत्र सरकारले हेर्ने । उद्याग कलकारखाना नीजि क्षेत्रले हेर्ने । यो नयाँ मोडेल जनमत पार्टीले देखाएको छ ।'

सबै पार्टीको बैचारिक धरातलको कार्यान्वयन हेरिएको तर, जनमत पार्टीको हेर्न बाँकी रहेकाले जनमत पार्टी सरकारको नेतृत्वमा पुग्दा परीक्षणमा पुग्ने बताउँछन् ।

उनी थप्छन्, 'जनमत पार्टीले जे बिचार राख्दै आएको छ । समाजवादी लोकतन्त्र भनेको के हो भन्ने विषय सरकारमा गएर पुष्टि गर्ने अवसर मिल्दछ ।'

जनमत पार्टी कुनै वेला 'मधेसलाई नेपालबाट अलग्याएर छुट्टै मधेस देश बनाउने' भन्दै पृथकतावादी आन्दोलनमा थियो । यस्तो आन्दोलन चलाइरहेका राउत २०७५ साल यता शान्तिपूर्ण राजनीतिमा छन् । २४ फागुन २०७५ मा सरकारसँग ११ बुँदे सहमति गरेर मूलधारको राजनीतिमा आएको उद्घोष गरेका थिए । राउतले २०७९ को स्थानीय चुनावमा भाग लिए । राउतको गृहजिल्ला सप्तरीका दुईवटा स्थानीय तहमा जनमत पाटी विजयी भएको थियो ।

त्यसपछि आम चुनाव लडेका हुन् । देश विखण्डनको मुद्दा छाडेर पहिलो पटक संसदीय निर्वाचनमा भाग लिएको करिब १८ महिनापछि मधेश प्रदेश सरकारको नेतृत्वमा पुगेको हो । पृष्ठ २ मा

## सुनमा बढ्यो भन्सार, घट्यो व्यापार

सरकारले दुई वर्षको बीचमा सुनमा १० प्रतिशत भन्सार बढाएसँगै नेपाली बजारमा सुनको मूल्यले नयाँ रेकर्ड बनाएको हो । अन्तर्राष्ट्रिय कारणले सुनको मूल्य निरन्तर बढिरहेको अवस्थामा बजेटमार्फत भन्सार दर बढ्दा सुनको मूल्य ह्वात्तै बढेको छ ।

**छबि सापकोटा/मध्यान्ह**
काठमाडौं, १७ जेठ ।

सरकारले सुनको आयातमा लाग्ने भन्सार दरमा वृद्धि गरेसंगै सुनको मूल्यमा भारी बृद्धि भएको छ । अर्थमन्त्री वर्षमान पुनले मंगलबार प्रस्तुत गरेको आगामी आर्थिक वर्ष २०८१/८२ को बजेटमा सुनको भन्सार दर ५ प्रतिशतले बढाएसंगै सुन बिहीबार छापावाल सुन प्रति तोला १ लाख ४० हजार ५ सय पुगेको छ । यस्तै तेजाबी सुन १ लाख ३९ हजार ८ सयमा कारोबार भयो ।

बुधबार छापावाल सुन प्रतितोला १ लाख ३८ हजार २ सय रुपैयाँमा कारोबार भएको थियो । विश्व बजारमा सुनको मूल्य बढ्दै गइरहेको अवस्थाले सुनको मूल्य निरन्तर बढिरहेको थियो । त्यसमाथि सरकारले भन्सार दर बढाएपछि सुनको मूल्य बढ्दै गएको छ ।

सुनमा १५ प्रतिशत भन्सार लाग्ने गरेको थियो भने नयाँ बजेटले २० प्रतिशत पुऱ्याएको हो । भन्सारदर २० प्रतिशत पुऱ्याएपछि सुनको मूल्य बढ्दा सुनचाँदी व्यवसायी असन्तुष्ट बनेका छन् । महासंघका अध्यक्ष पृष्ठ २ मा

## त्रिविमा शैक्षिक क्यालेण्डर
## पुसमा परीक्षा वैशाखमा नतिजा

**शिव विक/मध्यान्ह**
काठमाडौं, १७ जेठ ।

त्रिभुवन विश्वविद्यालयले स्नातक र स्नातकोत्तर तहको शैक्षिक क्यालेण्डर सार्वजनिक गरेको छ । कुन बेला भर्ना लिने, कुन बेला परीक्षा लिने र कहिले नतिजा आउने खाका तय गरिएको छ । बिहीबार त्रिविले शैक्षिक क्यालेण्डर सार्वजनिक गर्नुका साथै त्यसको कार्यान्वयनका लागि विद्यार्थी संगठनहरुको प्रतिवद्धता मागेको छ ।

शैक्षिक क्यालेण्डर अनुसार सेमेस्टर प्रणालीमा परीक्षा लिएको ३ देखि ४ महिनाभित्रमा नतिजा प्रकाशन हुनेछ । त्रिविले शैक्षिक वर्ष २०८१ का लागि प्रस्ताव गरेको क्यालेण्डरअनुसार सेमेस्टर अन्तर्गतका कृषि तथा वन विज्ञान, इन्जिनियरिङ, फरेष्ट्री, विज्ञान तथा प्रविधि संकायका लागि स्नातक तहको आवेदन फारम भर्ने समय साउनको तेस्रो सातादेखि भदौको दोस्रो सातासम्म रहनेछ । कानुन, मानविकी तथा समाजशास्त्र र व्यवस्थापन पृष्ठ २ मा

### वैदेशिक रोजगार विशेष

## श्रमाधान रोजगार मेलामा प्रधानमन्त्रीको उद्घोष
# सरकारले रोजगार बैंकको अवधारणा कार्यान्वयनमा ल्याउने




**विराटनगर/रासस–** प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले ज्ञान, सीप, पुँजी र प्राविधिक क्षमताअनुसारको रोजगारी सुनिश्चित गर्न सरकारले रोजगार बैंकको अवधारणा कार्यान्वयनमा ल्याउने बताएका छन् । बिहीबार विराटनगरमा आयोजित श्रमाधान रोजगार मेलालाई सम्बोधन गर्दै प्रधानमन्त्री दाहालले वैदेशिक रोजगारीबाट फर्किएकाहरू वा नेपालमै रहेको श्रम, सीप र अनुभवको उपयोग गरी उद्यमशीलता विकास गरिने बताए ।

'वैदेशिक रोजगारीबाट फर्किएका वा नेपालमै रहेको श्रम सीप र अनुभवको उपयोग गरी उद्यमशीलता विकास गर्न तथा रोजगारीको माग र आपूर्तिको विषयमा काम गर्ने रोजगार बैंकको अवधारणा सरकारले कार्यान्वयनमा ल्याउँदैछ,' प्रधानमन्त्री प्रचण्डले भने, 'एक लाख रिटर्नीहरूलाई उनीहरूको ज्ञान, पुँजी, सीप र प्रविधि क्षमताअनुसारको रोजगारी सुनिश्चित गर्न सरकारले बजेटमा आवश्यक प्रबन्ध गरेको छ ।'

दीगो विकासका लक्ष्य तथा सरकारको अन्य नीति तथा योजनाले परिकल्पना गरेअनुरूप श्रम क्षेत्रमा पनि स्वास्थ्य र आरोग्यताका लागि काम गरी श्रमिकको हकहित संरक्षण गरिने जनाउँदै प्रधानमन्त्री प्रचण्डले रेमिट्यान्सबाट अर्थतन्त्रको उत्पादनशीलता वृद्धि गरी आन्तरिक रोजगारी बढाउन सरकार लागि परेको बताए ।

सबै क्षेत्रको संयोजन गरी तत्कालका लागि सुरक्षित र उपलब्धिमूलक वैदेशिक रोजगारी र दीर्घकालीनरूपमा आन्तरिक रोजगारी बढाएर देशको समृद्धि र नागरिकको सन्तुष्टि वृद्धि गर्नुपर्नेमा जोड दिँदै प्रधानमन्त्री दाहालले सरकारले श्रमिकहरू समस्यामा परेपछि होइन, श्रममा प्रवेश गर्न चाहनेहरूको सीप तथा क्षमता अभिवृद्धि गरेर प्रतिस्पर्धी बनाउनेसमेत लक्ष्य राखेको बताए छ । उनले भने, 'यसको पृष्ठ २ मा

### अझै एक दशक वैदेशिक रोजगारको विकल्प छैन : महामन्त्री थापा



**काठमाडौं/मस–** नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले आगामी एक दशकसम्म वैदेशिक रोजगारको विकल्प नदेखिएको बताएका छन् । नेपाली कांग्रेसको शुभेच्छुक संस्था नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनले शुक्रबार राजधानीमा आयोजना गरेको 'बधाई, शुभकामना तथा धन्यवाद' कार्यक्रममा महामन्त्री थापाले नेपालको अर्थतन्त्रको मुख्य माध्यम वैदेशिक रोजगारबाट प्राप्त रेमिट्यान्स भएको उल्लेख गरे । श्रमिकले आफूलाई कष्टकर अवस्थामा राखेर पृष्ठ २ मा

UAE मा वैदेशिक रोजगारको अवसर

कम्पनी: LAVAJET COMPANY ALAIN    शहर: UAE
पूर्व स्वीकृत मिति: २०८०/१०/२६    चलानी नं.: ६०२१४७५६    L.T. No.: 299764    पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Drivers | 100 | 0 | सम्बन्धित काममा दक्ष | 2000 | ७२,४६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Office Girl. | 0 | 5 | | 1000 | ३६,२३० | | | | | | | |

अन्तवार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ जेठ २५ गते (7 June 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. ३००२/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

यसै कम्पनीमा Cleaning Supervisor, UAE Light License भएको मान्छे चाहिएको हुँदा नि:शुल्क परामर्शको लागि सम्पर्क गर्नुहोला ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

NAUKRI NEPAL Recruitment Service Pvt. Ltd.
Birendra Aysworya Marga, Mitranagar, Gangabu, Kathmandu
इजाजत पत्र नं. ६५७/०६३/०६४
Ph.: 4962686 |4985786 | 4985784 |9801059994 | 9801059992 | 9801059997 | 9801056689,
Itahari : 9816368105 | 9810591900 , Chitwan : 056-512369 | 056-512368 | 9761890793
9769328733 | 9766487682, Jhapa : 9802028989 | 9801452351 | 9801452352
9842701615, 9815912512, Pokhara : 9856035442 | 9804162771
Email: cv.naukrinepal@gmail.com | Web: www.naukrinepal.com
like us on facebook.com/naukri.nepal

# एकीकृत समाजवादीका कारण सुदूरपश्चिम सरकार विस्तारमा ढिलाइ

**सुनिल आउजी/मध्यान्ह**
धनगढी,१७ जेठ




उद्योग वाणिज्य तथा आपूर्ती मन्त्री दामोदर भण्डारीले नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधव कुमार नेपालकै कारण सुदूरपश्चिम सरकार विस्तारमा ढिलाइ भएको बताएका छन् ।

प्रेस चौतारी नेपाल कैलाली साखाले धनगढीमा आयोजना गरेको पत्रकार सम्मेलनमा बोल्दै मन्त्री भण्डारीले माधव नेपालको विपक्षीसँग टाँसिने प्रवृतीकै कारण सुदूरपश्चिम सरकारमा माओवादी र एमालेले मन्त्री नपठाएको बताए ।

'त्यो प्रवृत्ति लामो समयसम्म रहँदैन । छिट्टै त्यसको निरूपण हुन्छ, त्यहि कारणले यहाँ सुदूरपश्चिम सरकारले पाउने पूर्णता त्यस्तै प्रवृत्तिले प्रश्नहरू जन्माइरहेका छन्' उनले भने ।

कम्युनिस्ट भएर पनि अग्रगमन पक्षधरताहरुको राजनीतिक शक्तिहरूसँग नमिलेको भन्दै उनले नेपालको आलोचना गरेका थिए । 'संसदमा रहेका माननीयहरूको लिगेसिका हिसाबले पनि कम्युनिष्ट पार्टी भनिराख्नुहुन्छ । कम्युनिष्ट पार्टीको लामो समयसम्मको यात्रा पनि उहाँले गर्नु भएको छ । तर, अग्रगमन पक्षधरताहरुको राजनीतिक शक्तिहरूको सहकार्यमा उहाँ किन विचलित हुँदै हुनुहुन्छ' उनले भने, 'उहाँ सत्तामा रहिरहने प्रतिपक्षसँग साइनो सम्बन्ध देखाइरहने कुरा उचित होइन । उहाँको ती प्रवृत्तिगत कुराले यहाँको सरकारले पूर्णता पाउने कुरामा समस्या पैदा भइरहेको छ ।'

अहिले कांग्रेससँग पनि छलफल गरिरहेको भन्दै दोहोरो भूमिका देखाइरहेको उनले आरोप लगाए । उनले यस्तो दोहोरो भूमिकाले स्वयम् नेपाललाई नै क्षति पुग्ने बताए । 'सत्तामा बसिरहने प्रतिपक्षसँग छलफल पनि गर्ने दोहोरो भूमिकाले स्वयम उहाँलाई नै क्षति पुऱ्याइ रहेको छ । उहाँको पार्टी, उहाँको विचार र उहाँका अस्थिरताले यो खालका संकटहरू धेरै लामो रहँदैन । त्यसले चाँडै निकास पाउँछ' उनले भने, 'सत्तामा पनि रहिरहने प्रतिपक्षसँगको पनि सिरानी थापिराख्ने कुरो त्यो उहाँकै स्वास्थ्यको लागि हानिकारक छ । '

उनले २४ दिनमै सरकारले पूर्णता पाउने दाबी गरे । मन्त्री भण्डारीले अहिलेको बजेटले आशा र सम्भावना देखाएको जिकिर गरे । 'बजेट कार्यान्वयन नहुने समस्या थियो अहिले बजेट कार्यान्वयन गर्ने पहिलो प्राथमिकता रहेको छ' उनले भने, 'यसले आसा र सम्भावना देखाएको छ ।'

### देउवातिर...

कांग्रेस नेतृत्वमा कसरत भइरहेको गठबन्धनमा नजाने दाबी गर्छन ।

प्रधानमन्त्री प्रचण्डले बिहीबार विराटनगरमा पत्रकारसँग कुरा गर्दै यस्तो दाबी गरेका हुन् । उनले माधव नेपाल एमाले-माओवादीकै गठबन्धनमा रहने बताए । उनले यस विषयमा माधव नेपालसँग आफ्नो कुरा भइरहेको पनि सुनाए । 'आज बिहानमात्रै पनि मेरो माधव नेपालसँग कुरा भएको थियो । कुराकानीका क्रममा नेपालले समीकरणभन्दा बाहिर नजाने भनेर स्पष्ट पार्नुभएको छ' प्रचण्डले भने । तथापि, नेपाल यता र यता गरिरहेको प्रधानमन्त्री प्रचण्डको भनाइ छ । 'माधवजी अलि पहिलेदेखि नै उता पनि यता पनि दुवैतिर जोडिनेजस्तो देखिनुभएको थियो, तर अहिले उहाँ हामी भन्दा बाहिर जानु हुन्न' प्रधानमन्त्री प्रचण्डले दृढता व्यक्त गरे ।

नेताहरु माधव नेपाल र झलनाथ खनाले धेरै पहिलेदेखि फरक भूमिकासहित देखिने तर, एकै ठाउँमा रहने प्रवृतिका नेतृत्व भएको टिप्पणी गर्छन । पछिल्लो समयको गतिविधि पनि त्यस्तै भएको उनीहरुको दाबी छ । यसअघि, प्रचण्ड नेतृत्वमा सरकार बनेपछि एकीकृत समाजवादी निरन्तर साथै रहँदै छ । तर, प्रचण्डले समीकरण जता बदल्यो त्यतै पुग्ने गरेको भन्दै पार्टीभित्र कतिपयले प्रश्न उठाउने गरेका छन् । यसलाई अर्थपूर्ण रुपमा लिएर माधव नेपाल कांग्रेस र माओवादी, एमाले सँग साथै रहँदै आएका छन् । झलनाथ खनाल भने सुरुदेखि वाम एकताको वकालत गर्दै आएका छन् ।

### सुनमा...

मणिकरत्न शाक्य भन्सार मूल्य बढेसँगै प्रतितोला अब डेढ लाख नाघ्ने बताए ।

सुनमा भन्सार दर बढाउने सरकारको घोषणासँगै बजारमा त्यसको प्रभाव देखिएको छ । सुनको किनमेल दुई दिनमै निकै घटेको व्यवसायीहरु बताउँछन् । बजेट सार्वजनिक भएको २ दिनमै सुनको मूल्य प्रतितोला २ हजार ९ सय रुपैयाँ बढ्यो । भन्सार दर वृद्धि भएसँगै नेपाली बजारमा सुन मूल्य अझै महँगीने नेपाल सुन चाँदी व्यवसायी महासंघले बताएको छ ।

अन्तर्राष्ट्रिय बजारमा सुनको मुल्य बढ्दा व्यवसाय नै कम हुने गरेको थियो त्यसमाथि भन्सार बढाउदाँ व्यवसायीलाई पलायन हुने अवस्था आउने अध्यक्ष शाक्यले बताए । सरकारले सुनको भन्सार हरेक वर्ष बढाउदाँ त्यसको असर व्यवसायमा देखिएको महासंघको भनाई छ । सरकारले गत वर्ष पनि बजेटमार्फत सुनको भन्सार १० प्रतिशतबाट बढाएर १५ प्रतिशत पुऱ्याइएको थियो भने अहिले २० प्रतिशत पुऱ्याईएको हो । बजेट अनुसार यसअघि पुरुषको हकमा २५ ग्राम र महिलाको हकमा ५० ग्रामसम्म सुनका गहनामा भन्सार महसुल नलाग्ने र यसभन्दा बढी परिमाणमा आयात भएको १ सय ५० ग्रामसम्मको सुनमा तीन प्रतिशत भन्सार महसुल तिरेर ल्याउन सक्ने व्यवस्था रहेकामा अब भन्सार तिरेर थप ५० ग्राम सुन मात्रै ल्याउन पाइनेछ । अस्थायी पैठारीमा लाग्ने शुल्कसम्बन्धी व्यवस्थामा पनि परिवर्तन गरिएको हो ।

### त्रिविमा...

संकायका सेमेस्टरका लागि पनि यही शैक्षिक क्यालेण्डर लागू हुनेछ । यी संकायको प्रवेश परीक्षा भदौको तेस्रो साता हुनेछ । भर्ना भदौको चौथो हप्ता खुल्ने र पहिलो सेमेस्टरको पढाइ असोजको पहिलो सातादेखि हुनेछ ।पहिलो सेमेस्टरको परीक्षा २०८१ पुस ३ गते सुरु हुनेछ भने २०८२ वैशाख १ गते नतिजा प्रकाशन हुनेछ ।

माघको २ गतेबाट दोस्रो सेमेस्टरको पढाइ सुरु हुनेछ । २०८२ असार २ गतेदेखि तेस्रो सेमेस्टरको पढाइ सुरु हुने र २०८२ मंसिर ३ देखि चौथो सेमेस्टरको पढाइ सुरु गर्ने त्रिविले जनाएको छ ।२०८३ जेठ १ गतेबाट पाँचौ सेमेस्टर सुरु हुनेछ । छैटौं सेमेस्टर २०८३ मंसिर १, सातौं २०८४ वैशाख २ र आठौं सेमेस्टरको पढाइ २०८४ कात्तिक ४ गतेबाट सुरु हुने त्रिविले जनाएको छ ।त्रिविले प्रस्ताव गरेको स्नातकोत्तर तहको शैक्षिक सत्र २०८१ अनुसार पहिलो सेमेस्टरको आवेदन फारम आगामी मंसिरमा खुल्ने छ ।

त्रिविले पुस महिनामा प्रवेश परीक्षा र भर्ना हुने समय तोकेको छ । माघ १ गतेदेखि पढाइ सुरु गर्ने, २०८२ वैशाख ४ गतेदेखि परीक्षा सञ्चालन गर्ने र असोज १ गते नतिजा प्रकाशन गर्ने त्रिविको प्रस्तावित क्यालेण्डरमा उल्लेख छ । दोस्रो सेमेस्टरको पढाइ २०८२ जेठ ३ गते, तेस्रोको २०८२ मंसिर १ र चौथो सेमेस्टरको पढाइ २०८३ वैशाख ४ गते सुरु हुनेछ ।यो क्यालेण्डर इन्स्टिच्युट अफ मेडिसिन बाहेक स्नातकोत्तर तहका सबै संकायमा लागू हुनेछ ।

### मधेश...

पछिल्लो समय जसपा नेपालको विभाजनसँगै सत्ता समीकरण फेरिएपछि मधेसमा जनमत पार्टीले सरकारको नेतृत्व गर्ने वातावरण बनेको हो । जनमत पार्टी पनि सरकारको नेतृत्व चाहन्थ्यो ।

मधेश प्रदेशमा संघीय सत्ता गठबन्धनअनुसार नेकपा एमाले, माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जनमत, नागरिक उन्नमुक्ति पार्टीको कुल ५५ सांसद पुग्छ ।१०७ सदस्यीय मधेस प्रदेशसभामा सरकार गठन गर्न प्रदेशसभाका ५४ सांसदको समर्थन आवश्यक पर्छ । प्रदेशसभामा एमालेका सभामुखसहित २५, कांग्रेसका २२, जसपा नेपालका १९, जनमत पार्टीका १३, नेकपा माओवादी केन्द्रका ९, लोकतान्त्रिक समाजवादी पाटीका ९, नेकपा एकीकृत समाजवादीका ७ तथा राप्रपा, नेपाल संघीय समाजवादी र नागरिक उन्मुक्ति पार्टीका १-१ सांसद रहेका छन् ।

### श्रमाधान...

कार्यान्वयनले श्रममा प्रवेश गर्न चाहने धेरै युवा प्रत्यक्ष रूपमा लाभान्वित हुनेछन् ।'

रोजगारीको सिर्जना र मर्यादित श्रम क्षेत्रको विकास गरेर समृद्धिको यात्रालाई तीव्रता दिन सकिने बताउँदै प्रधानमन्त्री दाहालले त्यसका लागि सरकार र निजी क्षेत्रको संयुक्त प्रयास एवम् सहकार्यका लागि अपिल गरे । 'श्रमाधान रोजगार मेला' सरकारको अर्थपूर्ण कार्यक्रम भएको बताउँदै प्रधानमन्त्री प्रचण्डले श्रम र रोजगारीसँग सम्बन्धित सम्पूर्ण अवसर र समस्यालाई एकद्वार प्रणालीबाट सम्बोधन गर्ने र नागरिकको रोजगारीको संवैधानिक हक प्रत्याभूत गर्न यसले विषेश भूमिका खेल्ने दाबी गरे ।

आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रममार्फत मुलुकभित्र रोजगारीका अवसर वृद्धि गर्न धेरै नयाँ कार्यक्रम ल्याएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले रोजगार बैंकको अवधारणा, वैदेशिक रोजगारीबाट फर्किएका नागरिकको उद्यम विकास, प्रधानमन्त्री रोजगार कार्यक्रमको पुनःसंरचना, कृषि क्षेत्रको पुनरोत्थान, औद्योगिक विकास, सूचना प्रविधिको विकासलगायत कार्यक्रमबाट रोजगारी सिर्जना हुने बताए ।

नेपालमा उत्पादित वस्तुको उपयोग र खपतका निम्ति प्रोत्साहन, 'मेड इन नेपाल, मेक इन नेपाल' को अवधारणा अगाडि बढाइएको बताउँदै प्रधानमन्त्री दाहाल प्रचण्डले डाटा सेन्टर तथा सूचना प्रविधिको विकासमा उच्च प्राथमिकता, औद्योगिक क्षेत्र र विशेष आर्थिक क्षेत्रको निजी क्षेत्रसँगको साझेदारीमा सञ्चालन गरिने बताए । 'स्टार्ट अप र नवप्रवर्तनका लागि इकोसिस्टम विकास गरी उद्यमशील वातावरण सिर्जना, स्टार्ट अप बोर्डको गठन र कोष स्थापना, सातै प्रदेशमा विजिनेस इन्क्युवेसन सेन्टर सञ्चालन गरिनेछ,' प्रधानमन्त्री प्रचण्डले भने, 'सार्वजनिक-निजी साझेदारीमा अन्तर्राष्ट्रियस्तरको प्रदर्शनीस्थल निर्माण, महिला उद्यमीद्वारा उत्पादित वस्तु बिक्री गर्न कोसेली घरको स्थापना र सञ्चालन, उद्योग र लगानीसँग सम्बन्धित कानुनमा परिमार्जन गरिनेछ ।'

प्रधानमन्त्री प्रचण्डले स्थानीय कच्चा पदार्थमा आधारित साना तथा मझौला उद्यम व्यवसाय सञ्चालन, रैथाने कृषि बाली विकास, कृषि प्रदर्शन, साप्ताहिक मेला र हाटबजार सञ्चालन लगायतका धेरै कार्यक्रम आगामी वर्षको बजेटमा सम्बोधन गरिएको जानकारी दिए । श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री डिपी अर्यालले युवा पुस्तालाई स्वरोजगार बनाउन श्रमाधान मेलाको आयोजना गरिएको बताए । श्रमाधान रोजगार मेला सफलताको शुभकामना दिँदै मन्त्री अर्यालले रोजगारदाता र रोजगारीको खोजीमा रहेका युवाबीचको दुरी हटाउन मेला फलदायी हुने जिकिर गरे ।

मन्त्रालयले वैदेशिक रोजगारलाई व्यवस्थित गर्न र स्वदेशमै रोजगार दिन आवश्यक सल्लाह र सुझाव आदानप्रदान गर्न श्रमाधान कल सेन्टर स्थापना गरेको जानकारी दिँदै मन्त्री अर्यालले तीनै तहका सरकार तथा निजी क्षेत्र मिलेर रोजगार सिर्जना गर्नुपर्ने उल्लेख गरे । स्वदेशी उद्योगमा विदेशी कामदार हुने र स्वदेशी कामदार विदेश जाने प्रवृत्तिलाई चिर्न पनि यो मेला सहयोगी हुने भएकाले मेला सातवटै प्रदेशमा आयोजना गरिने उनले जानकारी दिए ।

कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले राष्ट्रिय पुँजी कमजोर भएकाले रोजगार सिर्जना कम भएको बताए । उनले भने, 'पुँजी कमजोर भएका कारण उद्योग फस्टाउन सकेनन साथै रोजगार पनि सिर्जना हुन सकेन ।' बैंकको चर्को ब्याज र कोभिड-१९ का कारण थला परेका उद्योगलाई फस्टाउन सरकारले आवश्यक नीति बनाउनुपर्ने सुझाव दिँदै मुख्यमन्त्री कार्कीले समाजवादको नारालाई पूरा गर्न राष्ट्रिय पुँजी बलियो बनाउनुपर्ने जोड दिए । विराटनगरको जोगबनीदेखि चीन जोड्ने किमाथांका बाटो निर्माण भए हजारौं रोजगारी सिर्जना हुने मुख्यमन्त्री कार्कीले बताए ।

श्रम मन्त्रालयका सचिव घनश्याम उपाध्यायले मुलुकमा थुप्रै रोजगारको अवसर भएको उल्लेख गर्दै रोजगारदाता र रोजगारी खोज्नेबीच दुरी घटाउन मेला आयोजना गरिएको जानकारी दिए ।

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले मुलुकमा लगानी गर्ने वातावरण सिर्जना भएमा रोजगारीको समस्या त्यसै समाधान हुने भन्दै निजी क्षेत्रको विकास गर्न सरकारबाट भएका काम सराहनीय रहेको दाबी गरे । राजस्व वृद्धिमा निजी क्षेत्रको अत्यन्त महत्वपूर्ण भूमिका रहने भएकाले स्वदेशी लगानीलाई सरकारले प्राथमिकतामा राख्नुपर्ने उनको भनाइ थियो । नेपाल उद्योग वाणिज्य महासंघ कोशी प्रदेशका अध्यक्ष राजेन्द्र राउतले अहिले पनि देशमा सबैभन्दा बढी रोजगार निजी क्षेत्रबाट नै उलब्ध भइरहेको उल्लेख गर्दै सरकार निजी क्षेत्रको मागप्रति गम्भीर बन्नुपर्ने धारणा राखे । निजी क्षेत्रले संयोजन गरेको उक्त मेला शुक्रबारसम्म चल्ने छ । शनिबार मधेश प्रदेशको राजधानी जनकपुरमा श्रमाधान रोजगार मेला आयोजना गरिने छ ।

### अझै ...

पठाएको रेमिट्यान्सबाट अर्थतन्त्र चलेको अवस्थाको चित्रण गर्दै महामन्त्री थापाले आगामी एक दशक नेपालका लागि वैदेशिक रोजगार यथार्थ भएको विश्लेषण सुनाए ।

महामन्त्री थापाले तत्कालीन गिरिजाप्रसाद कोइरालाको नेतृत्वको सरकारले निजी क्षेत्रको लगानीमा उद्योगधन्दा सञ्चालनको प्रयास गरेको भएपनि माओवादी नेतृत्वमा भएको दशवर्षे जनयुद्ध र देशको राजनीतिक अस्थिरताका कारण उद्योगधन्दा बन्द हुँदा अर्थतन्त्र वैदेशिक रोजगारमा आधारित रेमिट्यान्समा निर्भर भएको उल्लेख गरे ।

नेपाली कांग्रेसले वैदेशिक रोजगारीको क्षेत्रमा नीति बनाउँदा एशोसिएसनसँग राय लिने र एशोसिएसनले दिने राय, सल्लाह सुझाव महत्वपूर्ण हुने भन्दै उनले वैदेशिक रोजगारका सम्बन्धमा देखिएका समस्या समाधान गर्नका लागि पार्टीले सहयोग गर्ने आश्वासन दिए । उनले देखिएका कमीकमजोरी हटाएर वैदेशिक रोजगार व्यवसायलाई थप मर्यादित, व्यवस्थित र पारदर्शीरूपमा सञ्चालनल गर्न आग्रह गरे ।

महामन्त्री थापाले शुभेच्छुक संस्थाको हैसियतमा रहेको नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनको भूमिका नेपाली कांग्रेसको संगठन विस्तारमा प्रभावकारी हुने भन्दै संस्थालाई चुस्त र छरितो बनाउनु आवश्यक रहेको बताए ।

कार्यक्रममा संस्थापक अध्यक्ष तिलकबहादुर रानाभाट, एशोसिएसनका पूर्वअध्यक्षका तर्फबाट विमल ढकालले नवनिर्वाचित कार्यसमितिलाई बधाई तथा शुभकामना दिँदै लोकतान्त्रिक व्यवसायीहरूलाई गोलबन्द गरी वैदेशिक रोजगार क्षेत्रका समस्याको समाधान र सामाजिक कार्यमा अग्रसरता देखाउन आग्रह गरे ।

कार्यक्रममा कांग्रेसका केन्द्रीय सदस्य एवम् वैदेशिक रोजगार समन्वय तथा आप्रवासन विभागका प्रमुख प्रकाश रसाइली स्नेही, कांग्रेस केन्द्रीय सदस्य अब्दुल सत्तार, कांग्रेस केन्द्रीय सदस्य गुरु बराल, विभागका सदस्य राजेन्द्र अधिकारीलगायतको सहभागिता रहेको थियो ।

तमु संघ नेपालका अध्यक्ष भुवनसिंह गुरुङले सबै व्यवसायीलाई समेटेर अगाडि बढ्न एशोसिएसनलाई आग्रह गरे । गुरूङले वैदेशिक रोजगार व्यवसायलाई संरक्षण गर्ने गरी सरकारले नीति बनाउनुपर्ने र त्यसमा नेपाली कांग्रेसले सकारात्मक भूमिका खुल्नुपर्ने माग गरे ।

कार्यक्रमका सभापति एशोसिएसनका नवनिर्वाचित अध्यक्ष दीपक थापाले व्यवसायी र वैदेशिक रोजगारमा गएका कामदारको समस्या समाधानलाई प्राथमिकतामा राखेर आफ्नो नेतृत्वको कार्यसमितिले काम गर्ने प्रतिबद्धता जनाए । स्वागत मन्तव्य राखेका प्रथम उपाध्यक्ष विनोदजंग केसीले वैदेशिक रोजगार व्यवसायीका लागि राख्ने बैंक ग्यारेन्टी ज्यादै महँगो भएको भन्दै यसलाई पुनरावलोकन गर्नुपर्ने माग गरे ।

कार्यक्रम सञ्चालन गरेका कार्यवाहक महासचिव तुलसी पुरीले अव्यावहारिक ठहरिएको संख्या सय समाधान र धरौटी फिर्ताको माग गरे । कार्यक्रममा उपस्थित प्रमुख अतिथिसहित अतिथिहरूलाई अध्यक्ष थापाले मायाको चिनो प्रदान गरेका थिए ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको हकदावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७४/१०/२९ मा दर्ता भएको **सफलता इन्ष्टिच्युट प्रा.लि. (प्रा.लि. नं. १८३७७४)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७५/०८/२६ मा दर्ता भएको **प्रा.लि.नं. २०४२९२** को **रेज भेन्चर नेपाल प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/०२/१७ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**जिरी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**जिरी, दोलखा**
**बागमती, प्रदेश, नेपाल**
**आशयपत्र सम्बन्धी सूचना**
**(प्रथम पटक प्रकाशित मिति : २०८१।०२।१८)**

यस कार्यालयद्वारा तपशिलका निर्माण कार्यका लागि मिति २०८१/०१/३० गते राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र सूचना बमोजिम रितपूर्वक E-bid मार्फत प्राप्त भएका सम्पूर्ण बोलपत्रहरु मध्ये तपशिलको बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रुपमा पभावग्राही भएकाले सार्वजनिक खरीद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्पूर्ण सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.स. | आयोजनाको नाम | ठेक्का नं. | न्यूनतम मूल्यांकित बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम रु. (प्रोविज्नल सम र मू.अ.कर, सहित, कन्टिन्जेन्सी बाहेक) |
|---|---|---|---|---|
| 1 | Jiri Maali Pumba and Khaba Laharemane kholme road at jiri 1,2,3,4,7,8&9 | JIRI.MUN. NCB.ROAD. JMPLK.07-2080/81 | R.I. Construction and Suppliers Suryabinayak -02,Bhaktapu | ५०,६७,०१५.६० |

**प्रमूख प्रशासकीय अधिकृत**

# जुम्लामा युवालक्षित नेतृत्व विकास र स्थानीय तहमा युवा सहभागिता भेला

**दिलमाया शाही/मध्यान्ह**
जुम्ला, १७ जेठ



जुम्लामा युवा लक्षित नेतृत्व विकास र स्थानीय तहमा युवा सहभागिता सम्बन्धी युवा भेला सम्पन्न भएको छ ।

प्लान इन्टरनेशनल नेपाल, पेस नेपाल,आत्म सम्मानका लागि सहकार्य क्याड नेपाल, सामाजिक विकास कार्यालय लगायतको संयुक्त आयोजनामा जुम्लाका सबै स्थानीय निकायबाट युवाहरूको प्रतिनिधित्व हुने गरी किशोरी क्लव,युवा क्लव र परिवर्तनका संवाहक समुहका सदस्य गरी ५० जना किशोर किशोरी तथा युवाहरूको सहभागिता यो कार्यक्रम गरिएको हो ।

त्यस्तै युवाको नेतृत्व विकास, युवाहरुको सवाल,स्थानीय तहको योजना, नीति तथा कार्यक्रम निर्माण प्रकृयामा युवाको सवाल र सहभागितामा पहुँच पुऱ्याउनका लागि जिल्ला स्तरीय युवा भेला संचालन गरिएको पेस नेपालका कार्यकारी निर्देशक किशार न्यौपानेले बताए । उनका अनसार युवाहरुको सहभागीता स्थानीय तहको नीति निर्माण प्रकृयामा अर्थपूर्ण हुन आवश्यक छ ।

यसका लागि क्षमता विकास गरी युवाहरुको सवाल र युवा लक्षित योजनाहरु समावेश गर्नका लागि भेलाबाट सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

त्यस्तै कनका सुन्दरी गाउँपालिकाका अध्यक्ष दामादर आचार्यले युवाहरुको उपस्थितिमा युवाहरुको स्थानीय योजना तथा नीति निर्माण प्रकृयामा यूवाहरुको सहभागता सुनिश्चितता गर्ने बताए । उनले युवाहरुलाई रोजगारी बनाउनका लागि नेतृत्व विकासका काम गर्ने बताए ।

त्यस्तै सामाजिक किास कार्यालयका प्रमुख तुलाराज न्यौपानेले वालविवाह, छिटो विवाह, जवरजस्ती गरिने विवाह जस्ता समाजिक कुरीती रोक्न आवश्यक छ । उनका अनुसार युवा सहभागिता र नेतृत्व विकास नै युवा विकासको खाम्बाको रुपमा लिनुपर्छ । त्यस्तै जिल्ला समन्वय समितिका प्रमुख गौरी नन्द आचार्यले यो सीप युवाको आफैं बाँच्ने, अरुलाई बचाउने र देशलाई उसले दिने समृद्धिको आधार रहेको बताए । त्यस्तै राष्ट्रिय मानव अधिकार आयोग जुम्ला शाखाका प्रमुख धनराज शाहीले बेरोजगारी र गरिवीले हटाउन सीपमुलक कार्यक्रम स्थानीय तहले लागु गर्नुपर्ने बताए ।

# यार्सा पाटनमा स्वास्थ्य शिविर आयोजना गर्न माग

**पुर्ण कुमार/मध्यान्ह**
डोल्पा, जेठ १७

यार्सा पाटनमा घुम्ती शिविरको माग गदै नेपाल विद्यार्थी संघ डोल्पाले जिल्ला प्रशासन कार्यालयमा डोल्पामा ज्ञापन पत्र बुझाएको छ ।

डोल्पाका यार्सा पाटनमा पुगेका यार्सागुम्बा संकलकहरु धमाधम बिमारी पर्न थालेपछि नेविसंघ डोल्पाले पाटनहरुमा घुम्ती स्वास्थ्य शिविर राख्ने प्रबन्ध मिलाउन भन्दै प्रमुख जिल्ला अधिकारी तुलसी प्रसाद दाहाल समक्ष ज्ञापनपत्र बुझाएको हो । बिहीबार दिउँसो नेपाल विद्यार्थी संघ डोल्पाका अध्यक्ष मिलन बुढाथोकीको नेतृत्वमा जिल्ला प्रशासन पुगेको तीन सदस्यीय टोलीले शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्ज र डिभिजन वन कार्यालय मातहतका यार्सा पाटनहरुमा पुगेका संकलकहरुबाट वार्षिक करोडौंको रकम उठाउने गरेपनि पटनहरुमा पुगेका संकलकहरुको जीवन रक्षा र स्वास्थ्य उपचारतर्फ कुनै ध्यान नदिएको बताएको छ ।

तत्काल घुम्ती स्वास्थ्य शिविरको व्यवस्थापनको लागि सम्बन्धित निकायमा पहल गरिदिन आफूहरुले प्रमुख जिल्ला अधिकारीलाई ज्ञापन पत्र बुझाउन बाध्य भएको नेविसंघ जिल्ला अध्यक्ष बुढाथोकीले बताए ।

यो वर्ष डोल्पाका यार्सा पाटनमाहरुमा स्वास्थ्य सेवाको उपचारको अभावका कारण पाँच जनाले अकालमा ज्यान गुमाएका छन् ।

# बालबालिकाको निःशुल्क आँखा परीक्षण

**सन्तोष पौडैल/मध्यान्ह**
बर्दिया, १७ जेठ

गेरुवा गाउँपालिकाको शान्ति बजारमा ७४ जना बालबालिकाको निःशुल्क आँखा परीक्षण गरिएको छ ।

गेरुवा गाउँपालिकाको आयोजना प्लान इन्टरनेशनल नेपाल तथा वि ग्रुपको आर्थिक सहयोग र बर्दिया आँखा अस्पतालको प्राविधिक सहयोगमा आँखा परीक्षण गरिएको हो ।

प्लान इन्टरनेशनल नेपाल र वि ग्रुपद्वारा सञ्चालित अपाङ्गता भएका बालबालिकाका लागि समावेशी शिक्षा परियोजना लागु भएका गेरुवा गाउँपालिकाका ९ ओटा विद्यालयका प्रधानाध्यापकसहित शिक्षकहरुलाई दिइएको अपाङ्गता पहिचान तालिम पश्चात आँखाको समस्या पहिचान गरी ८ वटा विद्यालयले सिफारिस गरेका ७४ जनालाई निःशुल्क आँखा परीक्षण गरिएको परियोजना अधिकृत खडक बहादुर कार्कीले बताए ।

आँखाको समस्याका कारण कुनै पनि बालबालिकाको सिकाइ उपलब्धिमा प्रभाव नपरोस् र विद्यालय पढ्ने विद्यार्थीलाई आँखाको समस्याका कारण कुनै कठिनाइ नहोस् भन्ने उद्देश्यले शिविरमा निःशुल्क रूपमा आँखा परीक्षण गरिएको उनले बताए ।

शिविरमा पशुपति माध्यमिक विद्यालय पशुपतिनगरकाका ३० जना, जानकी माध्यमिक विद्यालय जनक नगरका १० जना, जनता माध्यमिक विद्यालयका १० जना, सरस्वती आधारभूत विद्यालय जोधिपुरका ९ जना, जनता परीक्षित नरसिंह आधारभूत विद्यालय सरखोलका ८ जना, सरस्वती आधारभूत विद्यालय वनकट्टीका ४ जना, खैरावाङ्ग भगवती आधारभूत विद्यालय र ाजीपुरका २ जना, सरस्वती आधारभूत विद्यालय विन्द्राका १ जना गरी ७४ जनाको आँखा परीक्षण गरिएको थियो ।

शिविरमा बालबालिकाको दृष्टि परीक्षण सँगसँगै आँखाको भित्री भाग दृष्टि नसा, रेटिनालगायतको जाँच गरिएको कार्कीले बताए । आँखा परीक्षणका क्रममा दृष्टि भ्रमको समस्या पहिचान भएका २३ जना विद्यार्थीलाई निःशुल्क चश्मा उपलब्ध गराइएको थियो भने १६ जना बालबालिकाको औषधि उपचार गरिएको थियो ।


## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी: MBK SECURITY SERVICES | शहर: Dubai
पूर्व स्वीकृत मितिः २०८१/०२/११ | चलानी नं.: ६०२२०३३८ | L.T. No.: 305187

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक दा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard - SIRA | 50 | 10 | सम्बन्धित कामामा दक्ष | 1200 | ४३,४७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Security Guard (PSBD) | 100 | 20 | | 2000 | ७२,४६० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८१ जेठ २५ गते (7 June 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

AKP Gov. Lic. No. 712/064/065
AIR KINGS PLACEMENT PVT. LTD.
Kupandole, Lalitpur, Nepal, Tel: 01-5524006, 5427196

## युएईमा रोजगार

कम्पनी: LANDMARK SECURITY SERVICES LTD | शहर: UAE
पूर्व स्वीकृत मितिः २०७९/११/०८ | चलानी नं.: ६०१९६९५१ | LT. No.: 281413 | पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 63 | 0 | स. काममा दक्ष | 1200 | ४३,४७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ जेठ २५ गते (7 June 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

LINK INTERNATIONAL PLACEMENT SERVICE
Govt. Lic. No.: 821/066/067
LINK INTERNATIONAL PLACEMENT SERVICE PVT.LTD.
ISO 9001 : 2015
Basbari Ward No 3, Kathmandu, Nepal Tel.: 01-4956654, 4955978, 9818750078, 9855081120, 9818168234
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158
BRANCH OFFICE'S:
Pokhara : 061590071 | 590070 | 9856036098 | 9825519206, Chitwan : 056-595592 | 9802909595
Birtamod : 023-532754 | 9807981913, Butwal: 071591321 | 9846753073, Janakpur: 9807806454 | 9851128051

## ओमानमा रोजगारको अवसर

कम्पनी: CRYSTAL SOHAR BUSINESS LLC | शहर: Oman
पूर्व स्वीकृत मितिः २०८१/०२/१६ | चलानी नं.: ६०२२०२७८ | LT. No.:305480

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Sanitary Installation Workers General | 1 | 0 | सम्बन्धित काममा दक्ष | 120 | ४१,५४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Wiring Electrician General | 2 | 0 | | 200 | ६५,२३४ | | | | | | | |
| 3. | Reinforcing Fitter | 2 | 0 | | 120 | ४१,५४० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ जेठ २५ गते (7 June 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. ९६८/०६७/०६८
Radium International Employment Services Pvt. Ltd.
Janasahayogi Marg, New Baneshwor-31, Kathmandu, Nepal
Tel: +977 1 4589492/ 1 4585172 | Fax: +977 1 4485172
Email: info@radiumemployment.com, Web.: www.radiumemployment.com

# सार्वजनिक जग्गा संरक्षण गर्दै सन्धिखर्क नगरपालिका

सुर्य प्रसाद भुसाल/मध्यान्ह
सन्धिखर्क, १७ जेठ



सन्धिखर्क नगरपालिका अर्घाखाँचीले आफ्नो मातहतमा रहेका पालिकाभित्रका सार्वजनिक जग्गाहरु संरक्षण गर्ने प्रकिया अगाडि बढाएको छ । बिहीबार सन्धिखर्क नगरपालिका वडा नम्बर ६ साविक नरपानी क्षेत्रमा पर्ने धार्मिक, पर्यटकीयस्थल, शहीद पार्क, गंगा सरोवर तथा पिक्निक स्पोर्ट लगायतका ठाउँ तथा आसपासका विभिन्न क्षेत्रमा पर्ने करिब ११७ रोपनी जग्गा संरक्षण गर्नको लागि नाप नक्सा गर्ने र नगरपालिकाको मातहतमा ल्याउने तयारी भएको नगरप्रमुख कृष्णप्रसाद श्रेष्ठले बताए ।

धार्मिक तथा पर्यटकीय क्षेत्र नरपानीमा देश तथा विदेशबाट सुपादेउराली दर्शनका लागि आउने श्रद्धालु भक्तजनहरुको दैनिक घुइँचो लाग्ने गरेकोले यसक्षेत्रलाई पर्यटकीय हबको रुपमा विकास गर्ने गरी नगरपालिका अगाडि बढेको नगरप्रमुख श्रेष्ठको भनाइ छ । नरपानी क्षेत्रमा अहिले दैनिक ७ सयदेखि १ हजारसम्म धार्मिक पर्यटकहरु आउने, चिसो मनोरम वातावरणमा रमाउने, रमाइलो गर्ने सुपा देउराली माताको दर्शन गर्ने गरेको स्थानीयबासी ओम बहादुर थापाले बताए । यो धार्मिक क्षेत्रमा आन्तरिक भक्तजन पर्यटकको अलवा छिमेकी मुलुक भारतबाट पनि दैनिक भक्तजन तथा पर्यटक आउने गरेको देखिन्छ । निकै सुन्दर हरियाली डाडाँकाडाको बीच भागमा सन्धिखर्क गोरुसिडे सडक रहेको छ । सडकबाट धैरै हिँड्डुल गर्न नपर्ने यो ठाउँ बाहिरी तथा आन्तरिक धार्मिक पर्यटकहरुको निम्ति गन्तब्य नै बनेको र यस ठाउँ आसपासमा बाहिरी धार्मिक पर्यटकको निम्ति रिसोर्ट तथा होटलको राम्रो व्यवस्था रहेको नरपानीका होटल व्यवसायी बाबुराम भण्डारीले बताए ।

नरपानी क्षेत्रको जग्गा संरक्षण तथा नापजाँचको लागि बिहीबार जिल्ला समन्वय समिति अर्घाखाँचीका प्रमुख जीवनारायण कोइराला, सन्धिखर्क नगरपालिकाका नगरप्रमुख कृष्ण प्रसाद श्रेष्ठ, प्रमुख जिल्ला अधिकारी सुर्य बहादुर खत्री, जिल्ला समन्वय अधिकारी ऋषिराम भुसाल, सन्धिखर्क नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत खुमलाल भुसाल, डिभिजन बन अधिकृत ईश्वरीप्रसाद पौडेल, प्रमुख नापी अधिकृत डिल्लीराज भण्डारी, प्रमुख कोष नियन्त्रक छबिन्द्र बेल्बासे, नापी अधिकृत कपिलदेव बस्याल, प्रमुख अनुसन्धान अधिकृत ईश्वरी प्रसाद आचार्य, सन्धिखर्क नगरपालिका वडा नं. ६ का वडा अध्यक्ष श्रीधर महत्रा, वडा नं.७ का वडा अध्यक्ष चुरा बहादुर केसी, सन्धिखर्क नगरपालिकाका राजश्व अधिकृत मुक्तिराम खनाल, मालपोत कार्यालय अर्घाखाँचीका प्रमुख रमेश न्यौपाने, नापी सर्भे नवीन बहादुर सिंह, प्रहरी चौकी नरपानीका प्रमुख बेगम क्षेत्री, समाजसेवी तथा निर्माण व्यवसायी कविराम खनाल, सन्धिखर्क नगरपालिकाका कर्मचारी दिपक आचार्य तथा पत्रकार महासंघ अर्घाखाँचीका अध्यक्ष अशोक खनाल लगायतको उपस्थितमा जग्गा संरक्षण क्षेत्रको अनुगमन गरिएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत खुमलाल भुसालले बताए ।

## स्रोत नखुलेको दुई लाख रुपैयाँसहित एक जना पक्राउ





सत्येन्द्र प्रताप सिंह/मध्यान्ह
रौतहट, १७ जेठ

रौतहटमा प्रहरीले स्रोत नखुलेको दुई लाख रुपैयाँसहित एक जनालाई पक्राउ गरेको छ । गौर नगरपालिका वडा नं. २ स्थित सडकमा चेकजाँच गर्ने क्रममा भारतबाट नेपालतर्फ साइकलमा आउँदै गरेका सप्तरीको राजविराज-९ बस्ने २२ वर्षीय शिवशक्ति यादवलाई स्रोत नखुलेको दुई लाख रुपैयाँसहित पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालयकी प्रहरी नायव उपरीक्षक तथा प्रवक्ता एलिजा गिरीले जानकारी दिइन् ।

# अफवाहले सप्तरीका भूमिहीन किसानहरु चिन्तामा

पिन्टु यादव/मध्यान्ह
सप्तरी, १७ जेठ

यतिबेला धान रोपाइँका लागि बिऊ छर्ने समय हो । किसानहरु धमाधम धानको बिऊ छरिरहेका छन् । तर कुतको जग्गाबाट अन्न उत्पादन गर्ने सप्तरीका गरिब किसानहरु अप्ठेरोमा परेको पाइएको छ । दश कट्ठादेखि एक बिगहासम्म जोतखन गर्ने कुतवाला जग्गा जमिनदारले खोस्ला भन्ने चिन्तामा उनीहरु परेका हुन् ।

कारण हो, अख्तियार दुरुपयोग अनुसन्धान आयोगको अति गोप्य चिट्ठी सामाजिक सञ्जालमा सार्वजनिक हुनु, यसले गाउँ-गाउँमा भ्रम नै फैलाइ दिएको छ । यसरी फैलाएको हल्लाले कुतका जग्गा जोतखन गर्ने किसान र जमिनदारबीचमा खाडल उत्पन्न गरिरहेको छ । केही जमिनदारहरुले भ्रममा परेर कुतवाला जग्गा छोड्न दिएको सूचनाले यहाँका भूमिहीन किसानहरु चिन्तामा परेका छन् ।

आयोगले गत वैशाख २५ गते हदबन्दी जग्गा छानबिन गर्ने निर्णय सम्बन्धमा स्थानीय तहहरुमा पठाइएको अति गोप्य सूचना सामाजिक सञ्जाल फेसबुकमा भाइरल भएपछि समाजमा गलत अफवाह फैलिएको छ । यसबाट कुतवाला किसान अप्ठेरोमा परेका छन् ।

आयोगको केन्द्रीय कार्यालय टंगालले २०८१ वैशाख २० गते हदबन्दी जग्गा छानविन गर्ने निर्णय गरेको थियो । उक्त निर्णय बमोजिम सुझाव लेखि पठाउन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको स्थानीय तह क्षमता विकास महाशाखामार्फत स्थानीय तहहरुमा सूचना पठाइएको थियो । उक्त सूचना सामाजिक सञ्जाल फेसबुकमा आएपछि फैलिएको अफवाहले कुतवालालाई किसान मारमा परेको पाइन्छ ।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६५/०७/०७ मा दर्ता भएको **प्रा लि नं ५६९९७** को **क्विक वे सर्भिस प्रा.लि.**को मिति २०८१/०२/१६ मा सम्पन्न बिशेष साधारण सभा बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वैच्छिक खारेजी लिक्विडेसनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटरः रोशन कुमार बजिमय,** **ईजाजत प्र.प.नं. २२१**
**ठेगानाः त्रिपुरेश्वर, काठमाडौं** **मोवाईल नं. ९८४१३६९७७१**

**UAEमा बैदेशिक रोजगारको अवसर**

कम्पनी : Sama Al Falah Bldg Cleaning Services शहरः UAE पुन विज्ञापन
पूर्व स्वीकृती मिति : २०८०/११/१६ चलानी नं.६०२१५६२५ LT No. 300527

| सि. नं. | कामदारको पद | माग संख्या (पुरुष) | माग संख्या (महिला) | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Cleaning Worker | 19 | 5 | काममा दक्ष | 800 | २८,८९० | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | | २ बर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गरिने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र प्रिमियर कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कसले व्यहोर्ने | कुल लागत खर्च |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैंले | कम्पनीले | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले दिने | रोजगारदाता कम्पनीले दिने | कामदार आफैंले | रु ७००/- कामदार आफैंले | रु १५००/- कामदार आफैंले | निःशुल्क | निःशुल्क |

अन्तरवार्ता म्यानपावरको कार्यलय काठमाडौंमा २०८१ जेठ २५ गते (7 June, 2024) मा हुनेछ ।

**बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई सेवा शुल्क बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसग राख्नुहोला । ६) काममा विदेश जादा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे श्रम तथा रोजगार प्रवर्द्धन विभाग ताहाचल, काठमाडौंमा सम्पर्क राख्नुहोला ।

Empire International Pvt. Ltd. Lic. No. 695/063/064
Shantinagar, Kathmandu, Nepal
Phone No.: 01- 4621348,4620715
E-mail: jobs@empirenpl.com.np

**Cyprus मा रोजगारको अवसर**

कम्पनीः- Orthodoxou Employment Bureau Ltd., Cyprus, Larnaca
पूर्व स्वीकृती मितिः-२०७९।१०।१३ चलानी नं. ६०१९५७४९ LT.No. 280163 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलव Euro | मासिक तलव ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook B | 1 | काममा दक्ष | 870 | १,२५,४८८।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/ नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमखीकरण तालिम शुल्क | कल्याणकारी कोष व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने रोजगारदाता कम्पनीले | निःशुल्क | निःशुल्क | कामदार स्वयं रु. ७००/- | कामदार स्वयं रु. १,५००/- | रु.३०,०००/- |

अन्तर्वार्ता २०८१ जेष्ठ २५ गते (7 June, 2024) मेनपावर कार्यालय बालकुमारीमा हुनेछ।

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी :- १) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछिमात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनु होला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानु अघि अभिमुखीकरण वा इण्डक्सन तालीम अनिवार्य लिनु होला । ५) विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्त बारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नु होला । सो को १ प्रति आफूसंग राख्नु होला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नु होला । अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे वैदेशिक रोजगार विभाग,बुद्धनगरमा सम्पर्क राख्नु होला ।

Govt. Lice. No.: 1172/073/074
Apps Services Pvt.Ltd.
Balkumari 8, Lalitpur Tel: +00977-01-5186018, 5186030
website: appsgroup.net, Email:- infoapps1172@gmail.com

## विनयी त्रिवेणी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

नवलपरासी, बर्दघाट सुस्ता पुर्व
गण्डकी प्रदेश, नेपाल
स्था : २०७३

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रथम पटक प्रकाशन मितिः २०८१/०२/१८**

यस कार्यालयबाट मिति २०८१/१२/११ गते तपसिल बमोजिम कार्यको लागि आह्वान ठेक्कामा तपसिल बमोजिमको बोलपत्र दाताको कबोल अंक सारभूत रुपमा प्रभावग्राही भएकोले बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को प्रयोजनार्थ सम्बन्धित सबैको लागि प्रकाशन गरिएको छ ।

| सि.न. | बोलपत्र न. | आयोजनाको विवरण | छनौट भएको बोलपत्र दाताको नाम र ठेगाना | कबोल रकम (मु.अ.क.सहित ) |
|---|---|---|---|---|
| 1 | 41/BTRM/NCB/ Goods/2080-081 | Procurement of Diesel Generator 125 KVA | Hotpoint Nepal Pvt.Ltd | 1779635.87 |

प्रमुख प्रशासकीय अधिकृत

**Invitation for online Bids**

**Birendranagar Municipality**
**Office of the Municipal Executive**
**Surkhet, Karnali, Nepal**
**(Date of publication: 2081/ 02 /18)**

The Office of the Municipal Executive, Birendranagar, Surkhet invites bids from eligible bidder for the following procurement as shown in table below and detail information can be obtain from the ppmo website www.bolpatra.gov.np/egp.

| SN | Contract Identification No. | Brief Description of Work/Site |
|---|---|---|
| 1 | NCB/BM/078-79/Works/31 | Road Maintenance Works of different ward, birendranagar- surkhet |
| 2 | SQ/BM/078-79/Works/11 | Road Upgrading Works of different ward, birendranagar, Surkhet |

## NEPAL RED CROSS SOCIETY
## Re-Notice for Sealed Financial and Technical Proposal for Insurance Service

**Published Date: 31 May 2024**

Nepal Red Cross Society, National Headquarters, Kalimati Kathmandu hereby invites sealed proposals from registered insurance companies for the medical and accidental insurance for all the staff members working at National Headquarters and project staff working throughout the country. The total number of staff and volunteer will be approx. 400 (Male:325, Female:75) for now and it will be changed according to the available resources.

Interested registered firms are requested to purchase and submit their sealed technical and financial proposal separately and also request to mention the name of the proposal in front of the envelope. The terms of reference can be obtained from Nepal Red Cross Society, National Headquarters, Kalimati, Kathmandu during office hours from 31 May, 2024 to 6 June 2024 before 11:00 A.M against payment of Rs. 1,000/- (non-refundable).

Interested Insurance companies must enclose their Firm Registration Certificate, Recent Tax Clearance Certificate, VAT Registration Certificate, Self-Declaration and other documents mentioned in the ToR. All the pages of the technical and financial proposal must be signed and stamped. The successful bidder will have to deposit 10% (ten percent) of quoted value as performance bond.

